# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मितिः २०८२।१२।०५ गते ।

## प्रेस विज्ञप्ति

### विषयः आरोपपत्र दायर गरिएको।

जिल्ला अछाम, ढकारी गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष तथा कार्यसमिति सदस्यले राजेश हमाल अभिनित व्यक्तिगत निर्देशनमा निर्देशन भईरहेको फिल्ममा पन्ध्र लाख रूपैयाँ छुट्याएर सरकारी बजेट दुरूपयोग गरेको भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला अछाम, ढकारी गाउँपालिकाका अध्यक्ष प्रकाश बहादुर साउद, निमित प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण साह र लेखापाल विमल साउद, आर.जे.ट्वान्टी फोर न्यूज एवं नव इन्द्रेणी फाउण्डेसनका अध्यक्ष रामजी लम्साल भन्ने राम बहादुर लमसालले आपसी मिलेमत्तो गरी बदनियतपूर्वक सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ को उपनियम (१) को प्रावधान प्रतिकूल बजेट नै विनियोजन नभई अन्धपथ चलचित्र निर्माणको लागि सम्झौता गरी कार्य अघि बढाएको देखिएको, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ लगायतको प्रचलित कानुनबमोजिमको खरिद आवश्यकताको पहिचान, लागत अनुमान निर्माण लगायतको खरिद कारबाहीको तयारी नगरी नगराई चलचित्र निर्माणका लागि मिति २०८१/०५/१८ मा सम्झौता गरे गराएको तथा उक्त कानुन विपरीतको वदनियतपूर्ण कार्यलाई ढाकछोप गर्न मिति २०८१/०७/०६ गतेको राष्ट्रसेवक प्रतिवादीहरूनै मुख्य भई कार्य गर्ने कार्यपालिकाको बैठकले सम्झौतालाई अनुमोदन गरे गराएको, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम (१) को देहाय (क) को प्रतिकूल हुने गरी रू.१५,०५,०००/- को सम्झौता विना प्रतिस्पर्धा नै सोझै खरिद कार्य गरे गराएको, अर्कोतर्फ सार्वजनिक खरिद ऐन, २०६३ को ५२क.(१) मा "सार्वजनिक निकायले खरिद सम्झौता पश्चात आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकबाट अग्रिम बैङ्क जमानत लिई खरिद सम्झौता रकमको बीस प्रतिशतमा नबढ्ने गरी पेश्की दिन सक्नेछ" भन्ने कानुनी व्यवस्थाको प्रतिकूल कानुनले तोकेको सीमा बीस प्रतिशत भन्दा बढी ३५ प्रतिशत पेश्की दिने सर्त राखेको र सो सम्झौताको सर्त समेत विपरीत हुने गरी ५८ प्रतिशत पेश्की दिए दिन लगाएको, त्यसैगरी अग्रिम पेश्की जमानत नलिई पेश्की दिन नहुनेमा बैङ्क जमानत विना नै पेश्की दिएको देखिएको, अन्धपथ चलचित्र निर्माणको लागि ढकारी गाउँपालिका र आर. जे. ट्वान्टी फोर न्युजबिच सम्झौता भएको मिसिल संलग्न कागजातबाट देखिएको तर भुक्तानी नव इन्द्रेणी फाउण्डेशनलाई गरे गराएको देखिएको, चलचित्र निर्माणका लागि खरको घर तथा अन्य विविध खर्च भनी पेश गरेको बिलहरू हेर्दा सत्यता पुष्टि हुने आधार नै नदेखिएको र सोही झुट्टा तथा नक्कली बिलहरूको आधारमा थप खर्च गरे गराएको, सार्वजनिक, सरकारी सम्पत्ति बदनियतपूर्वक प्रतिवादीहरू आफूसमेतलाई लाभ हुने गरी हिनामिना, दुरूपयोग एवं मास्ने कार्यलाई ढाकछोप गर्न गैरकानुनी तरिकाले आफूसमेत मुख्य भई कार्य गरेका राष्ट्रसेवक प्रतिवादीहरूको संलग्नतामा हिँउदे अधिवेशनबाट कार्यक्रम संशोधन तथा रकमान्तर गरी गराई मिलेमतो तथा योजनामा बदनियत राखी आफ्नो पद तथा ओहदाको दुरूपयोग गरी गराई आफ्नो जिम्मामा रहेको जम्मा बिगो रू.१२,७७,२५०।- (बाह्र लाख सतहत्तर हजार दुई सय पचास रूपैयाँ) बराबरको सार्वजनिक सम्पत्ति आफू तथा अन्य प्रतिवादीहरूलाई लाभ तथा सार्वजनिक संस्था/ढकारी गाउँपालिका/नेपाल

सरकारलाई हानी पुऱ्याउने बदनियतले उक्त रकम बराबरको सार्वजनिक सम्पत्तिको दुरूपयोग, निजी प्रयोग प्रचलन तथा हस्तान्तरण गरे गराएको तथ्य पुष्टि भएको देखिंदा निज प्रतिवादीहरूको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर भएको हुँदा देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालतमा आरोपपत्र दायर गरिएको।

<u>देहाय</u>

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | ढकारी गाउँपालिकाका अध्यक्ष **प्रकाश बहादुर साउद**, तत्कालीन निमित प्रमुख प्रशासकीय अधिकृत **लक्ष्मण साह** र लेखापाल **विमल साउद** | जनही रू.१२,७७,२५०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर भएको हुँदा बिगो रू. बाह्र लाख सतहत्तर हजार दुई सय पचास रुपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन साथै **प्रतिवादी प्रकाश बहादुर साउद ढकारी गाउँपालिकाका अध्यक्ष पदमा रही कार्य गरेको देखिँदा निजले गरेका उक्त कार्यहरु** भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद-२ बमोजिम माथि विवेचना गरेबमोजिमको कसुरजन्य कार्य गरेको पुष्टि भएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय हुनसमेतको मागदाबी लिइएको छ। |
| २. | आर.जे. २४ न्युज भन्ने आर.जे. ट्वान्टी फोर मिडिया प्रा.लि. एवं नव इन्द्रेणी फाउण्डेसन, काठमाडौंका अध्यक्ष **रामजी लम्साल भन्ने राम बहादुर लमसाल** | रू.१२,७७,२५०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानुनी लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर भएको हुँदा मुख्य कसुरदारहरुलाई बिगो रू. बाह्र लाख सतहत्तर हजार दुई सय पचास रुपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुने सजायलाई आधार लिई सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्याँश बमोजिम मुख्य कसुरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने